राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २३८ २०८२ चैत्र १९ गते विहिवार (2 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## आजदेखि एसईई, पाँच लाख बढी विद्यार्थी सहभागी



दैनिक समाचारदाता

काठमाडौं । बिहीबारदेखि सुरु हुन लागेको माध्यमिक शिक्षा परीक्षा (एसईई) को सम्पूर्ण तयारी पूरा भएको छ। राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० का उप-नियन्त्रक विष्णुप्रसाद ज्ञवालीले बिहीबार बिहान ८ बजेदेखि हुने परीक्षाको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए।

यस वर्ष ५ लाख १२ हजार ४ सय ७१ जना विद्यार्थी परीक्षामा सहभागी हुँदैछन्। एसईई परीक्षाका लागि देशभरका १ हजार ९ सय ६५ वटा र जापानमा एउटा गरी कुल १ हजार ९ सय ६६ परीक्षा केन्द्र तोकिएको छ। जम्मा ११ हजार ३ सय ७९ विद्यालयका विद्यार्थी परीक्षामा सहभागी भएको उप-नियन्त्रक ज्ञवालीले बताए।

सबैभन्दा बढी परीक्षार्थी काठमाडौंमा रहेका छन् भने सबैभन्दा कम मनाङमा छन्। ज्ञवालीका अनुसार काठमाडौंका १ सय ३५ वटा परीक्षा केन्द्रबाट ४१ हजार १ सय ५५ जना विद्यार्थीले परीक्षा दिँदैछन्। सबैभन्दा कम मनाङमा एउटा मात्र परीक्षा केन्द्र रहेको छ जहाँबाट ३७ जना विद्यार्थीले परीक्षा दिनेछन्। जापानमा रहेको केन्द्रबाट भने २३ जना विद्यार्थी सहभागी हुनेछन्।

यस वर्ष ग्रेड वृद्धिका लागि ६५ हजार ८ सय ९५ जना विद्यार्थी पनि परीक्षामा सहभागी हुँदैछन्। एकपटक परीक्षामा असफल भएका विद्यार्थीलाई कम्तीमा तीनपटक सम्म परीक्षा दिने अवसर प्रदान गरिएको छ। २०७९ सालमा नियमिततर्फ परीक्षामा सहभागी भएर हालसम्म उत्तीर्ण हुन नसकेका विद्यार्थीहरू पनि यसपटक परीक्षामा सहभागी रहेका छन्।

उप-नियन्त्रक ज्ञवालीका अनुसार बालसुधार गृहमा रहेका विद्यार्थीका लागि नजिकको परीक्षा

*बाँकी ३ पृष्ठमा*

# धनुषा र सिरहाका स्थानीय उत्पादनले बजारमा पाउँदा किसानहरु चिन्तित



**वीरेन्द्र कर्ण**

जनकपुरधाम, १८ चैत । धनुषा र सिरहा जिल्लालाई छुट्याउने कमला नदीको बगरमा किसानहरूले उत्पादन गर्ने तरबुजा र मौसमी तरकारीले बजार नपाउँदा त्यहाँका किसान चिन्तित भएका छन्।

सिरहाको पटेर्वाका ५० वर्षीय हेमकुमार मुखियाले ऋण काढेर कमला नदीको बलौटे जमिनमा तरबुजा, लौका, करेला, घिरौला, भिण्डी जस्ता तरकारीको खेती गरी आर्थिक लाभ लिन खोज्दा उत्पादनले बजार नपाउँदा ओझेलमा परेका छन्।

“एकातिर बजारको अभाव छ भने अर्कोतिर भारतीय उत्पादन निर्बाध रूपमा भित्रिन्छ। हामीले उत्पादन गरेको सामान बिक्री नहुँदा लगानीसमेत उठ्न सकेको छैन,” मुखियाले पीडा व्यक्त गरे। “स्थानीय उत्पादनको बजारीकरण गर्ने माध्यम नहुँदा आर्थिक समस्या भोग्दै आएका छौं। गत वर्ष १० कट्ठा जमिनमा गरिएको खेतीबाट करिब १० लाख रुपैयाँ नाफा भएपछि यस वर्ष १५ कट्ठामा विस्तार गर्‍यौं, तर बजारको समस्याले अपेक्षित मुनाफा हुन सकेन,” उनले भने।

मुखिया मात्र नभई सो क्षेत्रका करिब एक हजार किसानहरूले कमला नदीको बगरमा व्यावसायिक रूपमा प्रत्येक वर्ष तरबुजा तथा मौसमी तरकारी खेती गर्दै आएका छन्।

भूमिहीन किसानहरूका लागि कमला नदीको बगर आर्थिक आम्दानीको भरपर्दो माध्यम भए पनि बजारको समस्याले बिस्तारै किसानहरू यस व्यवसायबाट पछि हट्दै गएको अर्का किसान फेकन सदाले बताए।

दक्षिणमा जयनगरदेखि उत्तरमा बन्दीपुरसम्म कमला नदीको दायाँ(बायाँ किनारमा रहेको बलौटे जमिनमा करिब एक हजार भूमिहीन किसानहरूले करिब दुई हजार बिघा क्षेत्रफलमा तरबुजा लगायत मौसमी तरकारी खेती गर्दै वार्षिक करिब १५ करोड रुपैयाँ बराबरको कारोबार गर्दै आएका अर्का किसान राजेन्द्र मुखियाले बताए।

उनी १५ वर्षदेखि निरन्तर यो व्यवसाय गर्दै आएका छन्। “ग्राहकहरू भारतीय

बाँकी पृष्ठ ३मा

## मधेशका सांसदसँग बालेनको छलफल




दैनिक समाचारदाता

जनकपुरधाम, १८ चैत । मधेश प्रदेशबाट प्रत्यक्ष निर्वाचित सांसदहरूसँग प्रधानमन्त्री बालेन शाहले भेटघाट गरेका छन्।

प्रदेशअनुसार सांसदहरूसँग भेटघाट गर्दै आएका उनले बुधबार मधेश प्रदेशका सांसदहरूसँग छलफल गरेका हुन्। उक्त भेटमा मातृका यादवबाहेक मधेशबाट निर्वाचित अधिकांश सांसद सहभागी भएका थिए।

दिउँसो १२ बजेका लागि बोलाइएको बैठकमा सांसदहरू समयअघि नै पुगेका थिए। बजेट आउनुअघि छोटो अवधिमा गर्न सकिने कामबारे छलफल गर्न आयोजित बैठक १२ बजेदेखि ३ बजेसम्म चलेको थियो।

बैठकको सुरुवातमा प्रधानमन्त्री कार्यालयका असिम शाहले छलफलको उद्देश्यबारे संक्षिप्त जानकारी दिएका थिए। त्यसपछि प्रधानमन्त्री बालेन शाह बैठकमा सहभागी भई सांसदहरूलाई बजेटअघि तत्काल गर्न सकिने आवश्यक कामबारे सुझाव दिन आग्रह गरे।

छलफलमा सहभागी सांसदहरूले पालैपालो आफ्ना भनाइ राख्दै निर्वाचन क्षेत्र तथा समग्र मधेश प्रदेशका समस्याहरू उठाएका थिए। अधिकांश सांसदहरूले सुशासन कायम, भ्रष्टाचार नियन्त्रण, सडक-पुलजस्ता पूर्वाधार विकास, चुरे संरक्षण, मिटरब्याज समस्या समाधान, साना भन्सार पुनः सञ्चालन तथा सीमा व्यवस्थापनजस्ता विषय दोहोर्‍याएर उठाएका थिए।

त्यसैगरी ऐलानी जग्गा, मन्दिर तथा गुठी जग्गासम्बन्धी समस्या, हुलाकी राजमार्गको प्रगति, प्रशासनिक कार्यालयहरूमा हुने झन्झट तथा प्रदेशस्तरका भ्रष्टाचारका घटनाको छानबिन गर्नुपर्ने मागसमेत बैठकमा राखिएको थियो।

बैठकमा प्रश्नोत्तर नभई सांसदहरूले क्रमशः आफ्ना धारणा राखेका थिए भने प्रधानमन्त्री सचिवालयले सबै विषय टिपोट गरेको थियो। प्रत्येक सांसदले करिब दुईदेखि पाँच मिनेटसम्म आफ्नो धारणा व्यक्त गरेका थिए।

छलफलको अन्त्यमा प्रधानमन्त्री बालेन शाहले उठेका विषयहरू सम्बन्धित मन्त्रालयमार्फत समाधान गर्ने प्रयास गरिने र छोटो अवधिमा सम्भव कामहरूलाई प्राथमिकताका साथ अघि बढाइने बताए।

करिब तीन घण्टा चलेको बैठकमा प्रधानमन्त्रीले सुरु र अन्त्यमा मात्र संक्षिप्त धारणा राखेका थिए भने अधिकांश समय सांसदहरूको कुरा सुनेका थिए । यसअघि प्रधानमन्त्री बालेनले कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट निर्वाचित सांसदहरूसँग पनि यस्तै भेटघाट गरिसकेका छन्।

## मधेशवादी दलहरू एकताको दिशातर्फ युवा नेतृत्वको ट्रान्सफर तयारी



दैनिक समाचारदाता

काठमाडौं, १८ चैत । प्रतिनिधि सभाको २१ फागुनको निर्वाचनमा मधेशवादी दलहरूले भोगेको पराजयले नयाँ राजनीतिक युगको संकेत दिएको छ । जनता समाजवादी पार्टी ( जसपा) नेपालका नेता ह्दयेश त्रिपाठीका अनुसार, अब मधेशवादी दलहरूबीच पार्टी एकता र युवा पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने तयारी भइरहेको छ ।


त्रिपाठीका अनुसार पार्टीलाई नयाँ ढंगले अघि बढाउने विषयमा छलफल चलिरहेको छ । पुराना नेताहरू संरक्षक वा सल्लाहकारको भूमिकामा बसेर नयाँ पुस्तालाई नेतृत्व ल्याउने योजना छ । तर, कसलाई नेतृत्व दिने भन्ने विषय भने अहिलेसम्म टुंगि नसकेको हो ।

राष्ट्रिय मुक्ति पार्टी (रामुपा) नेपालका अध्यक्ष राजेन्द्र महतोले पनि एकता र पुनर्गठनका लागि गम्भीर समीक्षा गरिने बताएका छन् । उनले भने, “एकता नै बल हो भन्ने हामीलाई थाहा छ । चुनाव अघि एक हुन सकेनौं, अब समीक्षा गरेर निर्णय गर्नेछौं ।”

फागुनको निर्वाचनमा मधेश प्रदेशका ३२ निर्वाचन क्षेत्रमध्ये ३० क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) विजयी भयो । १३ लाख मत सहित रास्वपा पहिलो पार्टी बनेको छ । त्यसैबेला, जसपा नेपाल १ लाख ३८ हजार मत पाउँदै चौथो, र जनमत पार्टी ५० हजार मतसहित पाँचौं स्थानमा परेका थिए । यदि मधेशवादी सबै दल एकजुट भए, उनीहरूले प्रतिनिधिसभामा प्रतिनिधित्व पाउने सम्भावना थियो। विभिन्न दलको मत एकत्र गर्दा साढे तीन लाख पुग्ने आंकडा देखिन्छ, जुन कुल मतको तीन प्रतिशतभन्दा बढी हो ।

२०७७ वैशाख ८ गते सरकारले ल्याएको अध्यादेशले पार्टी फुटाउन आवश्यक प्रावधानलाई सरल बनाएको

बाँकी पृष्ठ ४मा



## सम्पादकीय

# मधेशमा बढ्दो हिंसा चिन्ता र चुनौती

मधेश प्रदेशमा पछिल्लो एक वर्षमा २ हजार ९४ वटा हिंसाका घटना हुनु गम्भीर चिन्ताको विषय हो। अझ प्रदेशको राजधानी धनुषामै ८४४ वटा मानव अधिकार उल्लंघनका घटना दर्ता हुनु झन् संवेदनशील संकेत हो। विकास र प्रशासनिक पहुँच बढी भएको क्षेत्रमै हिंसाको उच्च दर हुनु राज्यको प्रभावकारितामाथि प्रश्न उठाउने अवस्था हो ।

इन्सेकको तथ्यांकले देखाएअनुसार धनुषामा दाइजो, घरेलु हिंसा, जातीय विभेद, बलात्कारलगायतका घटनाहरू अत्यधिक छन्। दाइजोका कारण १२९ महिला पीडित हुनु र ४४९ घरेलु हिंसाका घटना हुनु समाजमा अझै पुरातन सोच र लैङ्गिक असमानता गहिरो रूपमा रहेको प्रमाण हो। यस्ता घटनाले कानुन मात्र पर्याप्त नभएको, सामाजिक चेतनाको अभाव मुख्य समस्या रहेको देखाउँछ ।

प्रदेश सांसद रुपा यादवले औंल्याएझैं दण्डहीनता, निष्पक्ष छानबिनको कमी र राजनीतिक हस्तक्षेपले हिंसालाई बढावा दिएको छ। जब अपराधीलाई सजाय हुने निश्चित हुँदैन, तब अपराध दोहोरिने सम्भावना बढ्छ। त्यसैले, कानुन कार्यान्वयनमा कडाइ र पारदर्शिता आवश्यक छ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलका अनुसार अन्तरजातीय विवाहप्रतिको असहिष्णुता, दाइजो प्रथा र मिटरब्याजी जस्ता विकृतिहरूले हिंसालाई थप बढाएका छन्। यससँगै कानुनी ज्ञानको अभाव र सामाजिक दबाब पनि प्रमुख कारण हुन् ।

त्यस्तै, प्रहरी पक्षले सबै घटना कानुनी रूपमा अपराध नहुन सक्ने बताए पनि ती मानव अधिकारसँग जोडिएको विषय भएकाले बेवास्ता गर्न मिल्दैन। सामाजिक सञ्जालमार्फत हुने गालीगलौज र विभेद पनि नयाँ चुनौतीका रूपमा देखा परेका छन् ।

समग्रमा, मधेशमा हिंसा केवल कानुनी होइन, सामाजिक समस्या हो। यसको समाधानका लागि कानुनको कडाइसँगै जनचेतना, शिक्षा र सामाजिक सुधार आवश्यक छ। राज्य, समाज र नागरिक सबै मिलेर हिंसा न्यूनीकरणमा सक्रिय नभएसम्म स्थिति सुधार हुने देखिँदैन ।

# चियाबारीका आँखाले चिहाइरहेको सिंहदरबार



भूमिनन्द बराल

चियाबारीको हरियालीभित्र डामिएका नीला कथाहरू प्रायः बाहिर आउँदैनन् । झापाका चिया बगानका सुइरो टिप्ने हातहरू हुन वा सहरका गल्लीमा भारी बोक्ने काँधहरू, नेपालको एउटा ठूलो हिस्सा आज पनि आशा र अभावको दोसाँधमा बाँचिरहेको छ । चियाबारीको बाटोमा भेटिएका ती सन्थाल (मुर्मु) दाइ, जसले हतारिँदै सोधे, 'सर, तपाईं पनि घण्टी हो ?' उनको त्यो प्रश्नमा राजनीतिक आस्था मात्र थिएन, त्यो त वर्षौंदेखिको उपेक्षापछिको एउटा अन्तिम भरोसाको प्रतिबिम्ब थियो ।

ती मुर्मु दाइको आँखामा देखिएको त्यो घण्टीप्रतिको विश्वास र साहुले ऋण नपत्याउँदा विदेश जान नपाएको पीडा आजको नेपालको साझा पीडा हो । पाँच जनाको परिवार, ज्याला मजदुरीको भर र रक्सीको नसामा भुल्न खोजिएको पारिवारिक पीडा र कलह; यो केवल एक व्यक्तिको कथा होइन ।

यो त सुकुम्वासी बस्तीदेखि दुर्गम गाउँसम्मका हजारौं मुर्मुहरूको साझा व्यथा हो । 'बालेनलाई भेट्यो भने भन्दिनु है' भन्ने उनको वाक्यले भुइँमान्छेहरूले अब पुराना दल र आश्वासन बिर्सिसके भन्ने संकेत गर्छ । उनीहरू अब एउटा यस्तो नायक खोजिरहेका छन्, जसले उनीहरूको चुल्होको पिर बुझोस् । समाजमा समूहका नाममा हुने ऋणको विभेद, तल्लो तहमा गरिने व्यवहार र अपमानले उनको जवानी पनि बुढ्यौली जस्तो देखिन्थ्यो ।

अर्को झन् पीडादायी अवस्था त गौरादह-६ मुर्मु गाउँमा देखियो । चुनावी प्रचार-प्रसारको रौनक चलिरहेका बेला किसान मुर्मु (नाम परिवर्तन) र दीपक विश्वकर्माका छोराहरू नेताको घरदैलो कार्यक्रम हेर्न गएका थिए । भिडमा सँगै आएका साथी धकेलिएर लडे र उनको हात भाँचियो । भिडले धकेलेर लडेको भएपनि मुर्मुको छोरालाई आरोप लाग्यो । उजुरी पर्नासाथ वडा कार्यालयको निर्देशनमा मुर्मु परिवारले ६० हजार रुपैयाँ तिर्ने पर्ने भयो । विचरा मुर्मु कृषि मजदुर हुन् । गाउँमा सबैतिर परिवर्तनका कुरा हुँदै गर्दा त्यहाँ गरिबमाथि भोटको राजनीति साँधियो र तिनको व्यथा दबाइयो । कसैले सहयोग गर्न सकेनन्, किनकि त्यहाँ गरिबलाई राजनीतिक चंगुलमा फसाइँदै थियो । कसैलाई नागरिकताको बार्गेनिङ त कसैलाई पुर्जा लिन घर र अफिस आउनु भन्ने दबाब पालिका प्रतिनिधिले दिन्थे । यो समाजमा राजनीतिक रूपान्तरण गाउँमा कहाँ पुगेको रहेछ र कुन वादले काम गरिरहेको थियो ? त्यो प्रश्न अझै गर्भमै छ ।

*सहरको चमकभित्र लुकेको अँध्यारो*

गाउँको दुर्दशाबाट भागेर सहर छिर्दा मानिस यस्तै अनेक पीडा बोकी सपनाको नयाँ संसार बसाउन संघर्ष गर्छ । तर, सहरले प्रायः ती सपनालाई निमोठेर प्रवास वा खाडीको तातो बालुवामा मिल्काइदिन्छ । सहरमा छोराछोरी पढाउने र राम्रो जीवन जिउने सपना देख्ने एउटा निम्न वा मध्यमवर्गीय परिवार जब अभावको चपेटामा पर्छ, तब सुरु हुन्छ कहिल्यै नसकिने त्रासदी ।

श्रीमान् कमाउन खाडी जान्छन्, तर त्यहाँको कमाइले कोठाभाडा, नानीबाबुको शुल्क पुग्दैन । यस्तो अवस्थामा कतिपय महिलाले आफ्ना छोराछोरीको भविष्यका लागि आफ्नै अस्मिता र आत्मसम्मानलाई तिलाञ्जली दिनुपर्ने बाध्यता समाजको भित्री तहमा गडेर बसेको छ । पत्रपत्रिकामा नआउने, समाजले थाहा नपाउने र पीडितले भन्न नसक्ने यस्ता कैयौं घटना हाम्रा सहरका भित्ताहरूमा ठोक्किएर हराउँछन् ।

खाडीबाट बाकसमा फर्किने युवाहरू र त्यहाँ जेलझैँ नारकीय जीवन बिताइरहेका नेपाली चेलीहरूको आँसुले हाम्रो राष्ट्रिय नीति र वैदेशिक रोजगारको खोक्रोपनलाई गिज्याइरहेको छ ।

मध्यपश्चिमका देशहरूमा श्रमको शोषण मात्र होइन, मानवीय संवेदनाको समेत हत्या भइरहेको छ । तर, हाम्रा राज्य सञ्चालकहरू रेमिट्यान्सको तथ्यांकमा रमाइरहेका छन् । ती पैसा पठाउने हातहरू कति क्षतविक्षत छन्, त्यसमा कसैको ध्यान जाँदैन ।

*नीति, सत्ता र कर्मचारीतन्त्रको पर्खाल*

केही समयअघि भौतिक पूर्वाधार मन्त्री इङ्नामले 'कर्मचारीको दादागिरीका कारण काम गर्न सकिनँ, अब म हारेँ, तपाईंहरू भोज खानुस' भन्दै बाहिरिनुले एउटा भयानक सत्यलाई उजागर गरिदिएको छ । यसले यो देश सरकारले होइन, एउटा अदृश्य स्वार्थीतन्त्रले चलाइरहेको तर्फ इंगित गर्छ । जब विभागिय मन्त्री नै प्रणालीसँग हारेर राजीनामा दिन्छ भने, चियाबारीको मुर्मु दाइले सरकारी अड्डाबाट न्याय पाउने आशा कसरी गर्ने ?

यसको उत्तर कहाँ र कसरी खोज्ने ? यो मुटुमा बिझ्ने धारिलो प्रश्न हो ।नीति बनाउनेहरू र भुइँ तहमा संघर्ष गरिरहेकाहरूबिचको खाडल झन्-झन् बढ्दो छ । बालेन शाह वा नयाँ शक्तिहरूप्रति मानिसको आकर्षण बढ्नुको मुख्य कारण यही हो कि मानिसहरू अब पुराना सिद्धान्तभन्दा पनि परिणाम खोजिरहेका छन् । मुर्मु दाइले चियाबारीबाट बाहिर निस्केर सोधेको प्रश्नले नीति निर्माताहरूलाई झक्झक्याँउछ- तिम्रो नीतिले मेरो सन्तानको पेट कसरी भर्छ ? तिम्रो कानुनले मलाई ऋणमुक्त भएर अन्तिम स्वास फेर्न दिन्छ वा ऋणमोचन गर्नका लागि दौड्दा दौड्दै त्यसैले मेरो स्वास लिन्छ ?

*अबको बाटो कुन?*

हामी आज त्यस्तो मोडमा छौं, जहाँ एकातिर आशाका किरणहरू छन् भने अर्कोतिर पुरानो संयन्त्रले ती किरणलाई छेक्न खोजिरहेको छ । चियाबारीमा बिँडी सल्काउँदै पछाडि फर्केर हेर्ने ती मुर्मु दाइप्रति अगाध श्रद्धा ! कसैका लागि केवल राजनीतिक भोट होला, तर वास्तवमा त्यो भर्खरै उदाएको दुई तिहाइको सरकारलाई लागेको ठूलो ऋण हो । त्यो ऋण तबसम्म तिरिने छैन, जबसम्म एउटा नागरिकले आफ्नै देशमा श्रम गरेर सानसँग बाँच्न पाउने वातावरण बन्दैन ।

सहरका गल्लीदेखि खाडीका मरुभूमिसम्म छरिएका नेपालीका पीडाहरूलाई समेट्न अब आश्वासन होइन, साहसी नीतिको खाँचो छ । कर्मचारीतन्त्रको सिन्डिकेट तोड्ने र 'भोज खाने' प्रवृत्तिका विरुद्ध उभिने साहस नयाँ पुस्ताले गर्नैपर्छ । मुटु चिसो बनाउने ती मुर्मु दाइका दृश्यहरू अनि बाकसमा फर्किने नेपालीहरूको चित्कार र सयौं नाबालकहरूको बलिदानमा मलम लगाउनु नै आजको वास्तविक राजनीति हुनुपर्छ ।

त्यसो हुन सकेन भने, चियाबारीबाट निस्किएका ती प्रश्नहरू भोलि ठूलो ज्वाला बनेर सिंहदरबार पस्नेछ । त्यतिबेला रवि लामिछानेले परिवर्तनका लागि रोपेको बिउको आधार र नेता बालेन्द्र शाहको क्रेजको पनि नेपाली समाजमा कुनै अर्थ रहने छैन् । साभारः अनलाइनखबरडटकम

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## लामो समय एकै पोजिसनमा मोबाइल तथा कम्प्युटर चलाउनुहुन्छ?

# पर्नसक्छ जोर्नीमा गम्भीर असर



जोर्नी तथा घुँडा दुख्ने समस्या भएका बिरामीहरुको संख्या दिनप्रतिदिन बढ्दो छ। घुँडा दुख्नुको मुख्य कारण घुँडाको हड्डी खिइनुको हो। उमेर ढल्केपछि देखिने समस्या पछिल्लो समय युवा अवस्थामा नै देखिन थालेको छ। यो समस्या महिला तथा बढी तौल भएकाहरुमा बढी देखिन्छ। सामान्यतया ४० वर्ष कटिसकेपछि यो समस्या देखिन थाल्छ।

राष्ट्रिय ट्रमा सेन्टरका सिनियर कन्सल्टेन्ट अर्थोपेडिक सर्जन डा ऋषि विष्टका अनुसार जोर्नी वा हड्डी खिइएर गएपछि प्रत्यारोपण गर्नुपर्ने अवस्था समेत आउन सक्छ। घुँडा र हिपको जोर्नी खिइएमा हिँडडुल गर्न, बस्न तथा नियमित काम गर्न असहज हुन्छ।

उनका अनुसार लामो समयसम्म एकै पोजिसनमा मोबाइल र कम्प्युटरको प्रयोगले जोर्नीमा नकारात्मक प्रभाव पार्छ।यस्तो अवस्थामा जोर्नी चलायमान हुन छोड्छ,जसले जोर्नी खिइने, कमजोर हुने लगायतका समस्या समस्या निम्त्याउन सक्छ। जोर्नी चलायमान नहुँदा जोर्नी नजिकका मांशपेशीहरु समेत सक्रिय हुँदैंनन्। जसले कालान्तरमा जोर्नी खिइने समस्या देखिन थाल्छ।

जोर्नी खिइने समस्याबाट बच्नका लागि जीवनशैली र खानपानमा विशेष ध्यान दिनु आवश्यक छ। यसका प्रमुख उपायहरू तल दिइएका छन्

***तौल नियन्त्रण गर्ने***

शरीरको बढी तौलले विशेषगरी घुँडा र कम्मरको जोर्नीमा अतिरिक्त भार पार्छ, जसले गर्दा जोर्नी छिटो खिइने सम्भावना हुन्छ।

***नियमित व्यायाम गर्ने***

जोर्नी वरिपरिका मांसपेशीहरू बलियो बनाउन हल्का व्यायाम, हिँडडुल वा फिजियोथेरापी प्रभावकारी हुन्छ।

***पोषिलो खानपान***

क्याल्सियम र भिटामिन-डी युक्त खानेकुराहरू (दूध, दही, पनीर, अन्डा आदि) पर्याप्त मात्रामा सेवन गर्नुपर्छ।

***सन्तुलित जीवनशैली***

बिहानको कलिलो घाममा १५-२० मिनेट बस्ने, जसले शरीरमा भिटामिन-डी प्राप्त हुन्छ।

- धूम्रपान र मद्यपानबाट टाढा रहने।
- धेरै चिसोबाट जोगिने र जोर्नीलाई न्यानो राख्ने।
- गलत आसन सुधार गर्ने

लामो समयसम्म एउटै पोजिसनमा नबस्ने र गह्रौं सामान उठाउँदा विशेष सावधानी अपनाउने। स्वस्थ्यखबरडटकमबाट

# १० वर्षका बालबालिकाले जान्नुपर्ने १० कुरा

***बालबालिकाको काम के हो ?***

यो प्रश्नमा प्रायको उत्तर हुन्छ- स्कुल जाने, लेखपढ गर्ने, गृहकार्य गर्ने । यी बाट फुर्सद मिल्यो भने खेल्ने ।

प्रायगरी शहरी क्षेत्रका र कतिपय गाउँमै रहने परिवारका बालबालिकामा समेत यस्तै नियम लागू हुन्छ । पढ्नेबाहेक अरू कुरामा उनीहरूले खासै ध्यान दिन आवश्यक छैन भन्ने बुझाइ धेरै अभिभावकको रहन्छ । अन्य काममा मन लगाउँदा पढाइ बिग्रिन्छ भन्ने चिन्ता पनि धेरैलाई हुन्छ ।

तर यस्तो धारणा तथा व्यवहार कत्ति पनि ठिक होइन् । पढाइका अलवा बालबालिकालाई उमेरअनुसार अन्य धेरै कुरा सिकाउनुपर्छ । सानै उमेरदेखि उनीहरूले सक्ने काम लगाउनुपर्छ । यदि बालबालिकालाई उनीहरूको उमेर समूह अनुसारको सीप सिकाइएन भने, उनीहरू आफ्नो उमेरका अन्य बालबालिकाहरूभन्दा पछाडि पर्छन्, जसले गर्दा उनीहरूको उचित वृद्धि र विकासमा असर पर्छ ।

१० वर्ष उमेर पुगेका बालबालिकाले के-के जानुपर्छ त ?

***१.सफा गर्ने तरिका***

आफ्ना बच्चालाई घर, आफ्नो कोठा कसरी सफा गर्ने भनेर सिकाउनु आवश्यक छ । बालबालिकाहरूले आफ्नो वरिपरिको फोहोर डस्टबिनमा फाल्न जान्नुपर्छ, र यो बानी बन्नुपर्छ ।

***२.घर कसरी फर्कने***

बालबालिकाहरूलाई आफ्नो घरको ठेगाना थाहा हुनुपर्छ । यदि उनीहरू नजिकै हराएका छन् भने उनीहरूलाई घर कसरी फर्कने भन्ने कुरा पनि थाहा हुनुपर्छ । विशेष गरी, उनीहरूलाई स्कूलबाट घर जाने बाटो थाहा हुनुपर्छ ।

***३.आफ्ना लागि खाना बनाउने तरिका***

बालबालिकाहरूलाई साधारण चीजहरू कसरी पकाउने भनेर जान्नुपर्छ । कुनै परिस्थितिबस कहिलेकाहीँ केही घण्टाका लागि बालबालिकालाई घरमा एक्लै छाड्नुपर्ने हुन सक्छ । स्कुलबाट आएपछि अभिभावक कामबाट आउन समय लाग्न सक्छ । घरमा सधैँ पाकेको खानेकुरा नहुन सक्छ । यस्तो बेला सामान्य खानेकुराहरू आफैँ पकाएर खान सक्नु बनाउनुपर्छ । भएका खानेकुरालाई तताएर र बनाएर खाने सक्ने गरी सिकाउनुपर्छ ।

***४.पैसाको व्यवस्थापन***

१० वर्षसम्मका बच्चाहरूलाई पैसा व्यवस्थापनको केही ज्ञान हुनुपर्छ । विशेष गरी, तिनीहरूले आफ्नो पकेट खर्च कसरी बचत गर्ने भनेर जान्नुपर्छ । आफ्ना अभिभावकको आर्थिक अवस्था कस्तो छ त्यो अनुसार खर्च गर्ने बानीको सिक्नुपर्छ ।

***५.आफ्नो निर्णय आफैं लिने***

१० वर्षको बच्चाले आफ्ना केही निर्णयहरू आफैं गर्न सक्षम हुनुपर्छ । कति बेला होमवर्क गर्ने, कति बेला खेल्ने वा अन्य कुनै काम गर्ने निर्णय आफैँ गर्नसक्ने हुनुपर्छ । मौसमअनुसार कुन कपडा लगाउने, कहाँबाट खाजा किनेर ल्याउने जस्ता कुरामा आफैँ सक्षम हुनुपर्छ ।

***६.समय व्यवस्थापन***

बालबालिकाहरूलाई आफ्नो समय कसरी व्यवस्थापन गर्ने भनेर सिकाउनुपर्छ । १० वर्षको बच्चाले बिहान उठ्नेदेखि अध्ययन र खेलकुदका लागि समय तालिका बनाउनेसम्मको ज्ञान राख्नुपर्छ ।

***७.सामाजिक सीपहरू***

बालबालिकाहरूलाई सामाजिक सीपहरू सिकाउनु आवश्यक छ । नयाँ ठाउँमा अपरिचित व्यक्तिहरूको वरिपरि नर्भस महसुस गर्न वा धेरै मानिसहरूबाट लज्जित महसुस गर्नबाट बच्चाहरूलाई रोक्नका लागि, तिनीहरूको सामाजिक अन्तरघुलनका सीप सिकाउनुपर्छ ।

***८.व्यक्तिगत सरसफाइको ज्ञान***

बालबालिकाहरूले आफ्नो सरसफाइ कसरी गर्ने भनेर जान्नुपर्छ । १० वर्षका बालबालिकाले नुहाउने, राम्रोसँग खाने र आफूलाई सफा राख्ने तरिका जान्नु पर्छ । बालबालिकाहरूलाई आफ्नो जुत्ताको फिता कसरी बाँध्ने र जुत्ता कसरी सफा गर्ने भनेर पनि जान्नुपर्छ।

***९.सामानहरूको सदुपयोग गर्न***

तपाईंले आफ्नो बच्चालाई रिसाइक्लिङको महत्त्व सिकाउनुपर्छ । पानी कसरी बचत गर्ने, नयाँ चीजहरूमा जोड नदिने र पुराना वस्तुहरू कसरी पुनः प्रयोग गर्ने भनेर सिकाउनु आवश्यक हुन्छ ।

***१०.अभिभावकलाई सहयोग गर्ने***

अभिभावकले गर्ने काम यदि जोखिमयुक्त छैन भनेर समय मिलेसम्म त्यसमा बालबालिकालाई संलग्न गराउनुपर्छ । जस्तो सरसफाइका काममा उनीहरूलाई संलग्न गराउन सकिन्छ । भान्साको काममा तरकारी केलाउन लगाउने, पखाल्न लगाउने, रोटी बेल्न लगाउने जस्ता हल्का काम सिकाउनु राम्रो हुन्छ । कपडा धुने बेला होस् या खेतबारीमा कुनै बीउहरू रोप्दै छौं भने पनि यी काम सिकाउनु राम्रो हुन्छ ।

## आजदेखि

केन्द्रमार्फत परीक्षा दिने व्यवस्था मिलाइएको छ। बालगृह नजिकै रहेको परीक्षा केन्द्रको केन्द्राध्यक्षले प्रश्नपत्र र उत्तरपुस्तिकासहित निरीक्षक पठाएर बालगृहमा नै परीक्षा सञ्चालन गर्ने व्यवस्था गरिएको छ।

परीक्षा सकिएपछि संकलित उत्तरपुस्तिका सोही परीक्षा केन्द्रको विद्यार्थी भएमा अरू परीक्षार्थीसँगै राखेर जाँच गरिनेछ भने फरक केन्द्रको भएमा छुट्टै प्याकिङ गरेर परीक्षा नियन्त्रण कार्यालय पठाउने व्यवस्था गरिएको छ।

विशेष क्षमता तथा अपाङ्गता भएका विद्यार्थीलाई पनि उनीहरूको आवश्यकताअनुसारको व्यवस्थापन गरिएको छ। अपाङ्गताको प्रकृतिअनुसार अतिरिक्त समय र लेखन सहयोगीको व्यवस्था गरिएको छ। ३ घण्टाको परीक्षामा उनीहरूलाई थप १ घण्टा ३० मिनेट समय दिइनेछ।

आफैं लेख्न नसक्ने विद्यार्थीका लागि लेखन सहयोगीका रूपमा कक्षा ९ सम्म अध्ययनरत विद्यार्थीलाई उपलब्ध गराइनेछ। लेखन सहयोगी विद्यार्थीलाई विद्यालयले फोटोसहित प्रमाणित गर्नुपर्नेछ र उनीहरूलाई छुट्टै कक्षाको व्यवस्था गरेर परीक्षा दिने प्रबन्ध मिलाइएको छ।

परीक्षा बिहान ८ बजेदेखि सुरु हुने भएकाले विद्यार्थीलाई ढिलोमा साढे ७ बजेसम्म परीक्षा केन्द्रमा पुग्न आग्रह गरिएको छ। साथै, प्रवेशपत्र, आवश्यक लेखन सामग्री साथमा ल्याउन तथा मोबाइललगायत निषेधित सामग्री नल्याउन र निर्धक्क भएर परीक्षा दिन अनुरोध गरिएको छ।

***एक महिनामै नतिजा प्रकाशन***

परीक्षा नियन्त्रण कार्यालयले यस वर्षको एसईई परीक्षाको नतिजा एक महिनाभित्रै प्रकाशन गर्ने लक्ष्यसहित तयारी तीव्र पारेको छ। उप-नियन्त्रक ज्ञवालीले विगतमा जस्तो परीक्षाफल प्रकाशन गर्न महिनौं नलाग्ने स्पष्ट पारे। सरकारले छिटो नतिजा प्रकाशन गर्न निर्देशन दिएकोले सोहीअनुसार तयारी गरिएको हो।

यसपटक परीक्षा केन्द्रमै उत्तरपुस्तिका जाँच गर्ने तयारी गरिएको छ। परीक्षा भएको विषयको सोही दिन परीक्षा केन्द्रमा परीक्षक र सम्परीक्षकहरूले उत्तरपुस्तिका जाँच गरेर विद्यार्थीको मार्कसिट (लब्धांकपत्र) शिक्षा विकास तथा समन्वय एकाइमा पठाउने व्यवस्था गरिएको छ।

शिक्षा विकास तथा समन्वय एकाइले तोकिएको समयभित्र ती मार्कसिटहरू परीक्षा नियन्त्रण कार्यालय पठाउनेछ। यसरी काम गर्दा कम्तीमा एक महिनाभित्रै नतिजा प्राप्त गर्न सकिने विश्वास लिइएको छ।

परीक्षा नियन्त्रण कार्यालयले यस वर्ष अनुगमनमा पनि कडाइ गर्ने जनाएको छ। परीक्षार्थीहरूलाई असहज हुनेगरी कक्षाकोठामा अनावश्यक भिडभाड नगर्न अनुगमनमा कडाइ गरिएको हो। कार्यालयले परीक्षा अवधिमा कुनै समस्या आए तुरुन्त निरीक्षकलाई जानकारी गराउन पनि विद्यार्थीलाई अनुरोध गरेको छ।

## धनुषा र........

उत्पादनतर्फ आकर्षित हुँदा हाम्रो उत्पादनले बजार पाउन सकेको छैन। वर्षभरि मेहनत गरेर उत्पादन गर्छौं, बिक्री पनि हुन्छ, आम्दानी पनि राम्रै हुन्छ। त्यही आम्दानीले परिवार चलाउँछौं, तर अहिले दिनभरि कुर्दा पनि अपेक्षित ग्राहक आउँदैनन्, जसले गर्दा लगानीसमेत उठाउन कठिन भएको छ," उनले भने। कमलाको बगरमा पटेर्वा घाट, मलहनिया, कठाल, फुलवरिया, नर्गी टोल लगायतका क्षेत्रका किसानहरूले तरबुजा तथा मौसमी तरकारी खेती गर्दै आएका छन्। किसान घुरण मुखियाका अनुसार बजार अभावसँगै भारतीय उत्पादनको प्रतिस्पर्धा र बाढीको जोखिमले पनि समस्या थपेको छ। वर्षा भएपछि कमला नदीमा आउने बाढीले बाली बगाउने र बालुवाले पुर्ने जोखिम रहने उनले बताए। "यो खेती खर्चिलो नभए पनि जोखिमपूर्ण छ," उनले भने।

पटेर्वाका किसान नारायण मुखियाले आफ्ना उत्पादन ढल्केवरमा बिक्रीका लागि लैजाँदा त्यहाँ पहिलेदेखि नै भारतीय तरबुजा बिक्रीमा रहेकाले 'बोहनी' समेत नगरी फर्किनुपरेको बताए।

किसानहरूले सहुलियत दरमा ऋण, मलखादको व्यवस्था तथा बजार व्यवस्थापन गर्न सरकारसँग माग गरेका छन्। यस क्षेत्रका नागरिकहरूमा स्थानीय उत्पादनभन्दा आयातित वस्तुप्रति आकर्षण बढ्दै जाँदा बजार अभावले किसानहरू आर्थिक मारमा पर्दै गएका छन्।




# सातामा दुई विद्यालय बन्द गर्ने सरकारको निर्णय




दैनिक समाचारदाता
जनकपुरधाम, १८ चैत । नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षण संस्थाहरूमा सातामा दुई दिन विदा लागू गर्ने निर्णय गरेको छ । नयाँ प्रणाली अनुसार देशभरका सरकारी तथा निजी शैक्षिक संस्थाहरू अब प्रत्येक शनिबार र आइतबार पूर्ण रूपमा बन्द रहनेछन् ।

मन्त्रालयका अनुसार यस कदमले विद्यार्थी, शिक्षक र कर्मचारीको मानसिक स्वास्थ्य तथा सर्वाङ्गीण विकासमा सहयोग पुग्ने विश्वास गरिएको छ। विद्यार्थीहरूलाई बढ्दो मानसिक दबाब र शैक्षिक तनाव कम गर्ने उद्देश्यले उनीहरूलाई आत्म(अध्ययन र अतिरिक्त क्रियाकलापमा समय उपलब्ध गराउने व्यवस्था गरिएको छ । साथै, शिक्षक र कर्मचारीहरूलाई आराम र व्यक्तिगत विकासको समय प्रदान गरिनेछ, जसले उनीहरूको कार्यक्षमता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ। नयाँ प्रणालीले शिक्षा प्रणालीलाई आधुनिक र विद्यार्थीमैत्री बनाउने प्रयासलाई अघि बढाउने मन्त्रालयको विश्वास छ। मन्त्रालयले विद्यार्थी र उनीहरूका परिवारलाई प्रोत्साहित गर्दै भाबनात्मक सम्बन्ध बलियो बनाउने समेत योजना रहेको जनाएको छ। यस निर्णयलाई लागू गर्न सम्पूर्ण शैक्षिक संस्थाहरू र निकायहरूलाई आवश्यक तयारी र तालिमका लागि हार्दिक अनुरोध गरिएको छ।

सरकारी विज्ञप्तिमा भनिएको छ कि नयाँ विदा प्रणालीले दीर्घकालीन रूपमा शैक्षिक उपलब्धि र राष्ट्रिय विकासमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ।

# सभामुखको चुनाव चैत २२ मा हुने

दैनिक समाचारदाता
काठमाडौँ, १८ चैत । प्रतिनिधि सभाको सभामुख चयनका लागि चैत २२ गते निर्वाचन हुने भएको छ ।

बुधवार सिंहदरबारमा बसेको सर्वदलीय बैठकले चैत २० गते उम्मेदवारी मनोनयन गर्ने र २२ गते निर्वाचन गर्ने कार्यतालिकामा सहमति जुटाएको राष्ट्रिय स्वतन्त्र पार्टीका महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिनुभएको हो ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले सदनको पहिलो बैठकको कार्यसूची र सञ्चालन प्रक्रियाबारे दलहरूबीच समझदारी बनेको जानकारी दिनुभयो । उहाँकाअनुसार प्रतिनिधि सभाको बिहीवारको पहिलो बैठकमा सभामुखको निर्वाचनसम्बन्धी प्रस्ताव पेश हुनेछ ।बैठकले नयाँ नियमावली बन्दासम्म हालकै संसद् नियमावलीका आधारमा बैठक सञ्चालन गर्ने र पहिलो बैठकबाटै नियमावली प्रतिस्थापनको प्रक्रिया अघि बढाउने निर्णय गरेको पनि उहाँले बताउनुभयो ।

साथै हाउसको पहिलो बैठकमा बैठकमा कार्यव्यवस्था परामर्श समिति गठन, बैठकको अध्यक्षता गर्ने सदस्यको चयन प्रक्रिया शुरु गरिनुका साथै शीर्ष नेताहरूले शुभकामना दिने कार्यसूचीमा सहमति जुटेको बुर्लाकोटीको भनाइ छ ।

उहाँले भन्नुभयो, “हाउसको पहिलो बैठक कसरी सञ्चालन गर्ने र के के कार्यसूची राख्नेबारेमा छलफल भयो । कतिपय कुराहरू हामी छलफलबाट टुङ्ग्याएर निस्किएका छौँ । सभा सञ्चालनको लागि आवश्यक संसद् नियमावलीलाई प्रतिस्थापन गर्ने सहमति भएको छ । तर नयाँ नियमावली नबन्दासम्म हाल रहेकै नियमावलीलाई टेकेर बैठक सञ्चालन गर्ने कुरा पनि भएको छ । यो सभाको पहिलो बैठकमै प्रस्ताव भएर अगाडि बढ्छ । सभामुखको निर्वाचनसम्बन्धी प्रस्ताव सभाको पहिलो बैठकमा प्रस्ताव हुने, २० गते मनोनयन गर्ने र २२ गते निर्वाचन गर्ने कार्यतालिकामा हामीले छलफल गर्यौं । बैठकमा कार्यव्यवस्था परामर्श समिति गठन र अध्यक्षता गर्ने सदस्यको चयन गर्ने कुरामा पनि छलफल भयो । त्यसैगरी प्रतिनिधि सभाको पहिलो बैठकबाट जेनजी आन्दोलनका शहीदहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्ने कार्यसूची पनि राख्ने सहमति भयो । बैठकमा दलका शीर्ष नेताहरुले शुभकामना दिने कुराहरु पनि छ । त्यसमा समय निर्धारण गरेर अगाडि बढ्ने तयारी गरेका छौँ ।” सभाको पहिलो बैठकमा गत भदौ अन्तिम साताको जेनजी आन्दोलनका शहीदहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्ने कार्यसूची पनि रहेको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीकी संसदीय दलकी प्रमुख सचेत खुम्बु ओलीले संसद्को नियमावली संशोधन गर्नेबारे सबै दलहरु सकारात्मक रहेको बताउनुभयो ।

उहाँले कार्यव्यवस्था परामर्श समितिमा सबै दलको समान सहभागिता रहनुपर्ने आफ्नो पार्टीको धारणा रहेको पनि बताउनुभयो । उहाँले संसद्मा राष्ट्रिय प्रजातन्त्र पार्टी समन्वय र सहकार्यसहित प्रभावकारी उपस्थिति जनाउने बताउनुभयो ।

# मधेशवादी..........

थियो । तर, यसले उल्टो प्रभाव दियो । त्यसै वर्ष समाजवादी पार्टी (सपा) र राष्ट्रिय जनता पार्टी (राजपा) बीच एकीकरण भयो । महिन्द्रराय यादवले त्यसबेला सम्झँदै भने, “सरकारले समाजवादी पार्टी फुटाउन खोजेको थियो, तर हामीले दुई पार्टी एकता गरेर देखायौं ।”त्यसअघि पनि २०७४ वैशाखमा पाँच दलबीच भएको एकता मधेशी मोर्चाको उदार दृष्टिकोण देखाउँछ । तराई मधेश लोकतान्त्रिक पार्टी, सद्भावना पार्टी, राष्ट्रिय मधेश समाजवादी पार्टी, तराई मधेश समाजवादी पार्टी र मधेशी जनअधिकार फोरम मिलेर राजपा गठन भएको थियो। पार्टी एकतापछि राजपाले स्थानीय चुनावमा राम्रो नतिजा ल्यायो र राष्ट्रिय दलको मान्यता पनि पायो ।

मधेशवादी दलहरूबीच एकता र युवा नेतृत्व हस्तान्तरणको यो प्रयास आगामी राजनीतिक परिदृश्यमा मधेशको मुद्दालाई नयाँ दिशा दिन सक्ने अपेक्षा गरिएको छ।

# एमाले संसदीय दलको नेतामा बादल निर्वाचित



दैनिक समाचारदाता
काठमाडौँ १८ चैत । नेकपा एमालेको संसदीय दलको नेतामा रामबहादुर थापा बादल निर्वाचित भएका छन् । बुधबार केन्द्रीय कार्यालय च्यासलमा भएको निर्वाचनमा उनी दलको नेता चयन भएका हुन् ।

सुहाङ नेम्वाङले उम्मेदवार फिर्ता लिएसँगै बादल दलको नेता चयन भएको निर्वाचन समितिका संयोजक नीरज आचार्यले जानकारी दिए । दलको नेतामा इलाम-२ बाट निर्वाचित युवा सांसद नेम्वाङले पनि दाबी गरेका थिए । भर्खर सम्पन्न निर्वाचनमा एमालेले जम्मा २५ सिट जितेको थियो ।


## अब अनलाइनबाट बुकिङ्गको सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020





- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

## रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, ७४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३७४



विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर


‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४